# विष्फोटक पदार्थ ऐन, २०१८

*(मिति २०७४ साल पुष मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# विष्फोटक पदार्थ ऐन, २०१८

| | लालमोहर मिति | प्रकाशन मिति |
|---|---|---|
| संशोधन गर्ने ऐन | २०१८।२।१३ | २०१८।२।१५ |
| १. नेपाल ऐन, (संशोधन गर्ने) ऐन, २०१८ | २०१८।७।३० | २०१८।८।१ |
| २. नेपाल ऐनहरु संशोधन गर्ने ऐन, २०१८ | २०१८।८।२३ | २०१८।९।१३ |
| | लालमोहर र प्रकाशन मिति | |
| ३. नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुन: व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ | | २०१९।१२।३० |
| ४. विष्फोटक पदार्थ (पहिलो संशोधन) ऐन, २०३१ | | २०३१।६।२० |
| ५. विष्फोटक पदार्थ (दोस्रो संशोधन) ऐन, २०४८ | | २०४८।७।१४ |
| | प्रमाणीकरण र प्रकाशन मिति | |
| ६. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६▣ | २०६६।१०।७ | २०६६।१०।७ |
| ७. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | | २०७२।११।१३ |
| ८. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४♣ | | २०७४।६।३० |

२०१८ सालको ऐन नं. ८

✂................

विष्फोटक पदार्थ उत्पादन गर्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने कामलाई व्यवस्थित गर्न बनेको ऐन

प्रस्तावना : ☛शान्ति र व्यवस्था कायम राख्न विष्फोटक पदार्थहरु उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने कामलाई व्यवस्थित गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट ✳नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) ✦यस ऐनको नाम “विष्फोटक पदार्थ ऐन, २०१८” रहेको छ ।

(२) यो ऐन नेपाल ✂........ भर लागू हुनेछ ।

---

▣ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।
♣ यो ऐन सम्वत् २०७५ साल भदौ १ गतेदेखि प्रारम्भ हुने ।
✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
☛ नेपाल ऐनहरु संशोधन गर्ने ऐन, २०१८ द्वारा थपिएको ।
✳ नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुन: व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा संशोधित ।
✦ नेपाल ऐन (संशोधन) गर्ने ऐन, २०१८ द्वारा संशोधित ।

(३) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।⌛

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

●(क) "विष्फोटक पदार्थ" भन्नाले,-

(१) बारुद, नाइट्रोग्लिसरिन, डाइनामाइट, गन-कटन, ब्लाष्टिङ्ग पाउडर, पारो (मर्करी) वा अरु धातुको फुल्युनेट र सोही सरहको भए वा नभए तापनि ✍विष्फोटनद्वारा व्यावहारिक असर ल्याउने वा आतसवाजीको ढंगको असर ल्याउने उद्देश्यले उत्पादन वा प्रयोग भएको अरु जुनसुकै पदार्थ सम्झनु पर्छ, र

✍(२) फोगिसग्नल, फ्यूजरकेट, परक्यूशन क्याप, केप, पडकाउने वस्तु (डिटोनेटर), कारतुस र यस्तै अन्य सबै प्रकारका खरखजाना र उप-खण्ड (१) बमोजिमको कुनै विष्फोटक पदार्थसँग मिल्दोजुल्दो गरी वा मिलाई उत्पादन वा तयार गरिएको पदार्थलाई जनाउँछ ।

✍(३) विष्फोटक पदार्थ उत्पादन वा निर्माण गर्ने संयन्त्र, मेशीन वा ज्यावल समेत जनाउँछ ।

+(४) दफा ३ बमोजिम नेपाल सरकारबाट नेपाल राजपत्रमा प्रकाशित गरी विष्फोटक पदार्थ भनी घोषित गरिएको पदार्थलाई सम्झनु पर्छ ।

---

⌛ मिति २०२०।८।२९ देखि ऐन लागू हुने गरी मिति २०२०।८।२९ को नेपाल राजपत्रमा सूचना प्रकाशित ।

● केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने र खण्ड (क) पछि खण्ड (क१) थप गर्ने गरी संशोधन गरिएकोमा सो ऐन मिति २०७५।५।१ देखि प्रारम्भ हुने :-

"(क) "विष्फोटक पदार्थ" भन्नाले विष्फोटन भई क्षति पुऱ्याउने आई.ई.डी. टी.एन.सी. एमाटोल, बारोटोल, पेन्टोलाइट, ऱ्यापिड डिटोर्नेटिभ एक्स्प्लोसिभ (आर.डी.एक्स), टोर फेक्स, ब्लाष्टिक एक्स्प्लोसिभ, डाइनामाइट, बारुद, नाइट्रोग्लिसिरिन, जेलेग्नाइट, स्टेमाइट, सेल्साइट, डिटोनेटर, ब्लाष्टिक क्याप, विद्युतीय ब्लाष्टिक क्याप, फ्यूज, आतिसवाजी, पटाका, गन कटन, गन पाउडर ब्लास्टिक पाउडर, पारो (मर्करी) वा अन्य कुनै धातुको फुल्यूनेट, सोही प्रकृतिका विष्फोटन हुने अन्य कुनै पदार्थ वा नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै पदार्थ सम्झनु पर्छ र सो शब्दले बम समेतलाई जनाउँछ ।

(क१) "बम" भन्नाले कुनै विष्फोटक पदार्थ वा अन्य कुनै साधन, फर्मूला, प्रक्रिया वा उपायद्वारा आफै वा अन्य कुनै पदार्थद्वारा विष्फोटन हुने गरी बनाइएको ग्रिनेड वा त्यस्तै प्रकृतिको अन्य विष्फोटक पदार्थयुक्त वस्तु वा पदार्थ सम्झनु पर्छ ।"

✍ पहिलो संशोधनद्वारा संशोधित ।

\+ पहिलो संशोधनद्वारा थप ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) "उत्पादन" भन्नाले कुनै विष्फोटक पदार्थलाई भाग भागमा छुट्याउने वा टुक्राउने वा बनाइ सकेकोलाई बिगार्ने विधि वा कुनै नोक्सानी भएको विष्फोटक पदार्थलाई काम लायक बनाउने विधि र कुनै विष्फोटक पदार्थलाई दोहऱ्याई बनाउने, हेरफेर गर्ने वा मरमत गर्ने विधिलाई समेत जनाउँछ ।

(ग) "बोझ बाहक" भन्नाले मोटर, गाडा, बग्गी, रिक्सा, डुङ्गा, टाँगा र पानी वा जमिन वा हवाई मार्गबाट माल बस्तु वा यात्री ओसार्ने अरु जुनसुकै सवारीको साधनलाई समेत जनाउँछ ।

(घ) "पैठारी" भन्नाले नेपाल ✂......... भित्र ल्याउने काम सम्झनु पर्दछ ।

(ङ) "इजाजतपत्र" भन्नाले यो ऐन अन्तर्गत दिइएको इजाजतपत्र सम्झनु पर्दछ ।

(च) "तोकिएको वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. विष्फोटक पदार्थ घोषित गर्ने अधिकार : नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै पदार्थ त्यसमा विष्फोटक तत्वहरु रहेको कारणले वा त्यसको उत्पादन गर्दाको सिलसिलामा चाहिने विधिहरु अपनाउँदा कुनै किसिमको विष्फोट हुने सम्भावना भएको कारणले व्यक्तिहरुको जीउ ज्यान वा सम्पत्तिमा खतरा हुने देखेमा नेपाल सरकारले सो पदार्थलाई विष्फोटक पदार्थ भनी घोषित गर्न सक्नेछ र त्यसरी घोषित गरिएका प्रत्येक पदार्थलाई यो ऐनको तात्पर्यको लागि विष्फोटक पदार्थ भनिनेछ ।

☑४. विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने काममा नियन्त्रण : (१) कुनै व्यक्तिले इजाजतपत्र बिना र

---

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

☑ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा दफा ४ को सट्टा देहायको दफा ४ राख्ने र सोही दफा पछि ४क. र ४ख. थप गर्ने गरी संशोधन गरिएकोमा सो ऐन मिति २०७५।५।१ देखि प्रारम्भ हुने :-

"४. इजाजत पत्र लिनु पर्ने : (१) विष्फोटक पदार्थ उत्पादन गर्न, राख्न, प्रयोग गर्न, बिक्री गर्न, ढुवानी वा परिवहन र पैठारी गर्न चाहने व्यक्तिले यस ऐन बमोजिम इजाजत पत्र लिनु पर्नेछ । त्यस्तो प्रत्येक इजाजतपत्रको ढाँचा, त्यसमा लाग्ने दस्तुर र त्यसको म्याद तोकिए बमोजिमको हुनेछ ।

(२) कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, ढुवानी वा परिवहन गर्ने वा पैठारी गर्ने कामको इजाजतपत्र लिन चाहने वा त्यस्तो इजाजतपत्रको म्याद बढाउन चाहने व्यक्तिले तोकिएको विवरणहरू सहित तोकिएको ढाँचाको आवेदनपत्र प्रमुख जिल्ला अधिकारी समक्ष दिनु पर्छ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूको अधीनमा रही प्रमुख जिल्ला अधिकारीले कुनै इजाजतपत्रमा लेखिएका कुनै कुरामा सम्बन्धित इजाजतपत्रवालालाई सूचना दिई आवश्यक देखेको संशोधन गर्न सक्नेछ ।

इजाजतपत्रवालाले पनि त्यसमा लेखिएका शर्त बन्देजमा नरही विष्फोटक पदार्थ उत्पादन गर्न, राख्न, प्रयोग गर्न, बिक्री गर्न, परिवर्तन गर्न वा पैठारी गर्न हुँदैन ।

(२) कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने कामको इजाजतपत्र चाहिने वा त्यस्तो इजाजतपत्रको म्याद बढाउन चाहने व्यक्तिले तोकिएको विवरणहरु सहितको तोकिएको ढाँचाको लिखित आवेदनपत्र प्रमुख जिल्ला अधिकारी छेउ दिनु पर्छ । त्यस्तो प्रत्येक इजाजतपत्रको ढाँचा, त्यसमा लाग्ने दस्तुर र त्यसको म्याद तोकिए बमोजिमको हुनेछ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरुको अधीनमा रही प्रमुख जिल्ला अधिकारीले कुनै इजाजतपत्रमा लेखिएका कुनै कुरामा सम्बन्धित इजाजतपत्रवालालाई सूचना दिई आवश्यक देखेको संशोधन गर्न सक्नेछन ।

(४) आफ्नो इजाजतपत्रमा संशोधन गर्न चाहने कुनै व्यक्तिले सो संशोधन गर्न चाहेको कुरा र त्यसको कारण खोली प्रमुख जिल्ला अधिकारी छेउ आवेदनपत्र दिनु पर्छ । त्यसरी संशोधन गर्न लाग्ने दस्तुर तोकिए बमोजिमको हुनेछ ।

✍५. <u>विष्फोटक पदार्थको उत्पादन, प्रयोग, बिक्री, परिवहन र पैठारी गर्ने तथा राख्ने काम निषेध तथा नियन्त्रण गर्न सक्ने नेपाल सरकारको अधिकार</u> : यो ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले सार्वजनिक

---

(४) आफ्नो इजाजतपत्रमा संशोधन गर्न चाहने कुनै व्यक्तिले सो संशोधन गर्न चाहेको कुरा र त्यसको कारण खोली प्रमुख जिल्ला अधिकारी समक्ष आवेदनपत्र दिनु पर्छ । त्यसरी संशोधन गर्न लाग्ने दस्तुर तोकिए बमोजिमको हुनेछ ।"

"४क. <u>उत्पादन वा कारोबारको अभिलेख राख्नु पर्ने</u> : (१) विष्फोटक पदार्थको उत्पादन वा कारोबार गर्न इजाजत प्राप्त गरेको व्यक्तिले त्यस्तो पदार्थको उत्पादन, निर्माण, तयारी वा कारोबार गर्दा प्रत्येक पटक उत्पादन वा कारोबार गरेको प्रत्येक विष्फोटक पदार्थको छुट्टै अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखमा अन्य कुराको अतिरिक्त देहायका विवरण खुलाउनु पर्नेछ :-

(क) के कस्ता विष्फोटक पदार्थ, के कति परिमाणमा उत्पादन, तयारी वा निर्माण भएको हो, सो कुरा,

(ख) विस्फोटक पदार्थको कारोबार भएको भए के कस्तो प्रयोजनका लागि कारोबार भएको हो,

(ग) विस्फोटक पदार्थ बिक्री वितरण भएको भए कुन व्यक्तिलाई के कस्तो प्रयोजनका लागि के कति परिमाण बिक्री वितरण भएको हो ।

(३) उपदफा (१) बमोजिम राखिएको अभिलेख बिस्फोटक पदार्थको कारोबार गर्ने व्यक्तिले प्रमुख जिल्ला अधिकारी, मुद्दाको तहकिकात वा अभियोजन गर्ने अधिकारी वा मुद्दा हेर्ने अधिकारीले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

(४) यस दफा विपरीत काम गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

४ख. <u>होसियारी अपनाउनु पर्ने</u> : विष्फोटक पदार्थको कारोबार गर्न इजाजतपत्र प्राप्त गरेको व्यक्तिले त्यस्ता वस्तुको प्रयोग गर्दा, ढुवानी वा ओसार पसार गर्दा वा भण्डारण गर्दा त्यस्तो पदार्थको प्रकृति अनुसार पर्याप्त सुरक्षा हुने गरी प्रयोग गर्नु वा उपयुक्त उपकरणमा राखी होसियारी पूर्वक ढुवानी वा ओसार पसार वा भण्डारण गर्नु पर्नेछ ।"

✍ पहिलो संशोधनद्वारा संशोधित ।

सुरक्षाको निमित्त आवश्यक देखेमा समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने कामलाई पूर्णत: वा केही हदसम्म मनाही गर्न सक्नेछ ।

६. निरीक्षण गर्ने, खोजतलासी गर्ने, कब्जा गर्ने, रोक्का गर्ने र हटाउने अधिकार : (१) प्रमुख जिल्ला अधिकारीले वा निजले खटाएको कुनै राजपत्राङ्कित वा घटीमा नायव निरीक्षक दर्जाका प्रहरी कर्मचारीले इजाजतपत्र अन्तर्गत कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने काम भैरहेको कुनै ठाउँ वा बोझ बाहकमा गई निरीक्षण र जाँचबुझ गर्न र त्यहाँ रहेको कुनै विष्फोटक पदार्थको नमूना मूल्य तिरी लिन सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको बर्खिलाप कुनै ठाउँ वा बोझ बाहकमा कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने काम भएको भन्ने विश्वास हुने मनासिव माफिकको कारण भएमा प्रमुख जिल्ला अधिकारी वा निजले खटाएको कुनै राजपत्राङ्कित कर्मचारीले वा घटीमा नायव निरीक्षक दर्जाका प्रहरी कर्मचारीले सो ठाउँ वा बोझ बाहकमा गई निरीक्षण र जाँचबुझ गर्न, खोज तलासी गर्न त्यस्तो विष्फोटक पदार्थ फेला परेमा त्यस उपर कब्जा गर्न र त्यसलाई रोक्का गर्न सक्नेछ ।

⌦७. गिरफ्तार गर्ने अधिकार : यो ऐन वा यस ऐन अन्तर्गत सजाय हुने कुनै कसूर कुनै व्यक्तिले गर्न लागेको फेला परेमा र निजको सो कामले गर्दा कुनै

---

⌦ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा दफा ७ को सट्टा देहायको दफा ७ राख्ने गरी संशोधन गरिएकोमा सो ऐन मिति २०७५।५।१ देखि प्रारम्भ हुने :-

"७. गिरफ्तार गर्ने अधिकार : (१) कुनै व्यक्तिलाई यस ऐन बमोजिमको कुनै कसूरको अनुसन्धानको सिलसिलामा पक्राउ गर्नु पर्ने भएमा अनुसन्धान गर्ने अधिकारीले सोको कारण र त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिलाई प्रहरीले गिरफ्तार गरी बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ ।

(४) कसैले यस ऐन अन्तर्गत सजाय हुने कुनै कसूर गर्न लागेको फेला परेमा, निजको सो कामले गर्दा कुनै विष्फोटक पदार्थ उत्पादन हुने वा थन्क्याइने कुनै ठाउँ वा कुनै रेल्वे लाइन वा कुनै विमानस्थल वा कुनै माल बाहक वा त्यसको आसपासमा विष्फोटन हुने वा आगलागी हुने सम्भावना देखिएमा सो ठाउँको भोग चलन गर्ने व्यक्तिले वा निजको प्रतिनिधि वा निजबाट अधिकार पाएको अरु व्यक्तिले वा सार्वजनिक यातायातका धनी वा कर्मचारीले वा रेल्वे प्रशासन वा विमानस्थलका कुनै कर्मचारीले त्यस्तो व्यक्तिलाई भाग्न उम्कन नपाउने व्यवस्था गरी प्रहरीलाई खबर गर्नु पर्नेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिमको अवस्था भएमा वा त्यस्तो व्यक्तिलाई तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने, उम्कने वा निजले प्रमाण, दसी वा सबुत नष्ट गर्न सक्ने मनासिब कारण भएमा प्रहरीले त्यस्तो व्यक्तिलाई पक्राउ पूर्जी बिना गिरफ्तार गर्न सक्नेछ र गिरफ्तार गरिएको व्यक्तिलाई बाटाका म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।"

कानून तथा न्याय मन्त्रालय

विष्फोटक पदार्थ उत्पादन हुने वा थन्क्याइने कुनै ठाउँ वा कुनै रेल्वे लाइन वा कुनै हवाई अड्डा वा कुनै बोझ बाहकमा वा त्यसको आसपासमा विष्फोटक हुने वा आगलागी हुने सम्भव देखिएमा कुनै प्रहरी कर्मचारीले अवस्था अनुसार सो ठाउँको भोग चलन गर्ने व्यक्तिले वा निजको प्रतिनिधि वा नोकर वा निजबाट अधिकार पाएको अरु व्यक्तिले रेल्वे प्रशासन वा हवाई अड्डाका कुनै कर्मचारीले बिना वारेण्ट त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न सक्नेछ र त्यसरी गिरफ्तार गरिएको व्यक्तिलाई ☟बाटाका म्याद बाहेक २४ घण्टा भित्र ◎मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्छ ।

८. दुर्घटनाको सूचना : कुनै विष्फोटक पदार्थ उत्पादन भैरहेको, राखिएको वा प्रयोग भैरहेको ठाउँ वा परिवहन भैराखेको वा लाद्ने वा गिराउने काम भैराखेको कुनै बोझ बाहकमा वा सो ठाउँ वा बोझ बाहकको आसपासमा विष्फोट वा आगलागी भै व्यक्तिहरुको जीउ, ज्यान वा सम्पत्तिको नाश भएमा वा ठूलो क्षति भएमा सो ठाउँको तत्काल भोग चलन गर्ने व्यक्ति वा सो बोझ बाहकको धनी वा तत्कालको चालकले सो कुराको सूचना तोकिएको तरिका बमोजिम तोकिएको म्यादभित्र सबैभन्दा नजिकको प्रहरी थाना चौकीको अधिकृत इञ्चार्ज कहाँ दिनु पर्छ ।

९. दुर्घटनाको जाँचबुझ गर्ने : (१) नेपाली सेनाको नियन्त्रणमा रहेको कुनै ठाउँ वा बोझ बाहकमा वा त्यसको आसपासमा दफा ८ मा लेखिए बमोजिमको कुनै दुर्घटना भएमा सरोकारवाला नेपाली सेनाका अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नु पर्छ र सो बाहेक अन्यत्र त्यस्तो कुनै दुर्घटना भएमा प्रमुख जिल्ला अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नु पर्दछ ।

(२) उपदफा (१) अन्तर्गत जाँचबुझको काम गर्ने सैनिक अधिकृत वा उपदफा (४) अन्तर्गत जाँचबुझ गर्ने नेपाल सरकारबाट खटिएको अधिकारीलाई प्रमुख जिल्ला अधिकारी सरहको सबै अधिकार हुनेछ र दफा ६ बमोजिम प्रमुख जिल्ला अधिकारीले प्रयोग गर्न पाउने अधिकारको प्रयोग पनि सो जाँचबुझको प्रयोजनको निमित्त आवश्यक एवं उपयुक्त देखेमा गर्न सक्नेछ ।

(३) यस दफा अन्तर्गत कुनै दुर्घटना सम्बन्धी जाँचबुझ गर्ने व्यक्तिले सो जाँचबुझ सकिएपछि सो दुर्घटनाको कारण र परिस्थिति समेत खोली नेपाल सरकारमा लिखित प्रतिवेदन पेश गर्नु पर्छ ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन प्राप्त भै सकेपछि वा नहुँदै नेपाल सरकारले दुर्घटनाको रुप हेरी आवश्यक देखेमा उपदफा (१) अन्तर्गत जाँचबुझ गर्ने कामलाई रोक्ने आदेश दिन सक्नेछ र अरु उपयुक्त ठानेका कुनै अधिकारीद्वारा सो दुर्घटनाको कारणको जाँचबुझ गराउन सक्नेछ ।

---

☟ दोस्रो संशोधनद्वारा संशोधित ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(५) यस दफा अन्तर्गत जाँचबुझ गर्न खटिएका अधिकारीलाई साक्षीहरु झिकाउने लिखत अन्य महत्वपूर्ण माल बस्तुहरु दाखिल गराउने, बयान बकपत्र गराउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम शुरु अदालतलाई भए सरहको अधिकार हुनेछ ।

✍१०. दण्ड सजाय र जफती : (१) कुनै व्यक्तिले दफा ४ अन्तर्गत इजाजतपत्र नलिई वा दफा ५ को उल्लंघन गरी देहायको विष्फोटक पदार्थ उत्पादन गरेमा, राखेमा, प्रयोग गरेमा, बिक्री गरेमा, परिवहन गरेमा वा पैठारी गरेमा निजलाई प्रत्येक कसूर वापत देहाय बमोजिम दण्ड सजाय हुनेछ :-

(क) नाइट्रोग्लिसरीन, डाइनामाइट, ब्लास्टिङ्ग पाउडर वा पारोको वा धातुको फलमिनेट भए दुइ वर्षसम्म कैद वा ☞बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै,

(ख) खण्ड (क) मा लेखिएको विष्फोटक पदार्थ र आतसबाजी र पटाका बाहेक अन्य विष्फोटक पदार्थ भए एक वर्षसम्म कैद वा ☞दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै,

(ग) आतसबाजी वा पटाका भए ☞एक हजार रुपैयाँसम्म जरिवाना ।

तर, एउटै विष्फोटक पदार्थका सम्बन्धमा दण्ड सजाय गर्दा उत्पादन गरेको, पैठारी गरेको वा प्रयोग गरेको वापत सजाय हुने भएमा सो पदार्थ साथ राखे वापत र पैठारी गरेको, प्रयोग गरेको वा बिक्री गरेको वापत सजाय हुने भएमा परिवहन गरेको वापत छुट्टै दण्ड सजाय हुने छैन ।

(२) कुनै व्यक्तिले दफा ४ अन्तर्गत लिएको इजाजतपत्रको शर्त उल्लंघन गरेमा वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा उपदफा (१) को खण्ड (क) को कुरामा ☞पाँच हजार रुपैयाँसम्म, खण्ड (ख) को कुरामा ☞दुई हजार पाँचसय रुपैयाँसम्म र खण्ड (ग) को कुरामा ☞पाँच सय रुपैयाँसम्म जरिवाना हुनेछ ।

स्पष्टीकरण :- इजाजतपत्रको म्याद नाघेकोमा र इजाजतपत्रले अधिकार नै नदिएको काम कुरा गरेकोमा इजाजतपत्र नलिएको मानी कारवाई र सजाय हुनेछ ।

(३) दफा ४ वा ५ अन्तर्गतको कसूरसँग सम्बन्धित विष्फोटक पदार्थ जफत भई नेपाल सरकार लाग्नेछ ।

११. हातहतियार र खरखजाना सम्बन्धी नेपाल कानूनको बचाउ : यो ऐनमा लेखिएका कुनै कुराले हातहतियार र खरखजाना सम्बन्धी नेपाल कानूनमा कुनै कुरालाई असर पार्ने छैन ।

---

✍ पहिलो संशोधनद्वारा संशोधित ।

☞ दोस्रो संशोधनद्वारा संशोधित ।

तर कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने कामको इजाजतपत्र दिने प्रमुख जिल्ला अधिकारीलाई यो ऐन अन्तर्गत बनेका नियम बमोजिम अधिकार भएमा निजले दिएको कुनै इजाजतपत्रलाई हातहतियार र खरखजाना सम्बन्धी नेपाल कानून अन्तर्गत दिइए सरह मान्यता हुनेछ भन्ने सो इजाजतमा लेखिदिन सक्नेछ ।

१२. अन्य नेपाल कानून अन्तर्गत सजाय हुन सक्ने : कुनै कसूर यो ऐन अन्तर्गत सजाय हुने र अन्य नेपाल कानून अन्तर्गत पनि सजाय हुने रहेछ भने सो कसूरमा कुनै व्यक्तिलाई अन्य नेपाल कानून अन्तर्गत मुद्दा चलाउने वा यो ऐन भन्दा बढी सजाय हुने गरी व्यवस्था भएको अन्य नेपाल कानून अन्तर्गत सजाय दिनमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमका कुनै कुराले बाधा पुऱ्याउने छैन ।

१३. बचाउ र लागू नगर्ने अधिकार : (१) यो ऐनमा लेखिएका कुनै कुरा निम्नलिखित व्यक्ति वा अधिकारीद्वारा उत्पादन हुने, राखिने, प्रयोग गरिने, परिवहन गरिने वा पैठारी गरिनेमा लागू हुने छैन :-

(क) नेपाल सरकारले बनाएका नियम अनुसार नेपाली सेनाद्वारा, र

(ख) नेपाल सरकारको कुनै मन्त्रालय विभाग वा अड्डाद्वारा ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै विष्फोटक पदार्थको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको सबै वा कुनै कुरा पूर्ण तथा केही शर्तका अधीनमा रही लागू नहुने गर्न सक्नेछ ।

१४. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

१५. ◈ ............

---

◈ नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुन: व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा झिकिएको ।

द्रष्टव्य : १. नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रुपान्तर भएका शब्दहरु:-
(क) "गजेटेड" को सट्टा "राजपत्राङ्कित" ।
(ख) "गजेट" को सट्टा "राजपत्र" ।
(ग) "अफिसर" को सट्टा "अधिकृत" ।
(घ) "रिपोर्ट" को सट्टा "प्रतिवेदन" ।
(ङ) "पुलिस" को सट्टा "प्रहरी" ।

२. प्रहरी (पहिलो संशोधन) ऐन, २०१९ द्वारा रुपान्तर भएको शब्दहरु:-
"सबइन्स्पेक्टर" को सट्टा "नायव निरीक्षक" ।

३. विष्फोटक पदार्थ (दोस्रो संशोधन) ऐन, २०४८ द्वारा रुपान्तर भएका शब्दहरु:-
"अञ्चलाधीश" वा "जिल्लाका अञ्चलाधीश" को सट्टा "प्रमुख जिल्ला अधिकारी" ।

४. सैनिक ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु:-
"शाही नेपाली सेना" को सट्टा "नेपाली सेना" ।

५. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।